**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**

मितिः ०८ फरवरी २०२५

समयः १८:५० - १६:०० बजे

**मुख्य समाचार**

- भारतीय जनता पार्टीले २७ वर्षपछि दिल्लीमा बहुमत हासिल गरेको छ ए भाजपाले आम आदमी पार्टीलाई पराजित गर्दै दुई तिहाई सिटमा विजय हासिल गरेको छ।
- दिल्ली विधानसभा चुनावको परिणाम पछि पश्चिम बंगालमा पनि राजनीतिक वातावरणमा हलचल भएको छ।
- पाच डेसिमल पर्जा पट्टा अनि चिया श्रमिकहरुको विभिन्न समस्याहरुलाई लिएर आईजीजेएफले आज मिरिकमा विरोध जुलुस आयोजना गरेको छ।
- जीटीएका मुख्य कार्यपाल अनित थापाले चिया श्रमिकहरु फ्री होल्ड ल्यान्डको पक्षमा नरहेको विषयमा राज्यकी मुख्यमन्त्री ममता व्यनार्जीसंग कुराकानी गरेको बताउनु भएको छ।
- नदिया जिल्लाको कल्याणीमा एउटा अवैध पटेका फयाक्ट्रीमा भएको विष्फोटपछि राज्य सरकारको दुइ वर्ष पुरानो ग्रीन पटेका क्लस्टर योजनामाथि प्रश्न उठेको छ।

**दिल्ली चुनाव परिणाम**

भारतीय जनता पार्टीले 27 वर्ष पछि दिल्लीमा बहुमत हासिल गरेको छ। भाजपाले आम आदमी पार्टीलाई पराजित गरि दु-तिहाई सीटहरू जीतेको छ। 70 सदस्यीय दिल्ली विधानसभा चुनाव परिणामका ताजा आंकड़ा अनुसार अहिले सम्म 61 सीटको परिणाम घोषित भइसकेको छ। भाजपाले 41 सीट जीती सकेको छ तथा 7 सीटमा अघि छ। आम आदमी पार्टीले 20 सीट जीती सकेको छ तथा 2 सीटमा अघि चली रहेको छ। भाजपाका प्रमुख विजेताहरूमा नयाँ दिल्ली सिटबाट प्रवेश साहिब सिंह बर्मा, जंगपुराबाट तरविंदर सिंह मारवाह, रोहिणीबाट विजेन्द्र गुप्ता, करावल नगरबाट कपिल मिश्रा, राजौरी गार्डनबाट मनजिंदर सिंह सिरसा, गांधी नगरबाट अरविंदर सिंह लवली, बिजवासनबाट कैलाश गहलोत, ग्रेटर कैलाशबाट शिखा रॉय, मोती नगरबाट हरीश खुराना, शकूर बस्तीबाट करनैल सिंह र कस्तूरबा नगरबाट नीरज बसोया शामिल छन्। आम आदमी पार्टीका प्रमुख विजेताहरूमा कालकाजीबाट मुख्यमंत्री आतिशी, सदर बाजारबाट सोम दत्त, बाबरपुरबाट गोपाल राय, दिल्ली कैंटबाट वीरेंद्र सिंह कादियान, तिलक नगर सीटबाट जरनैल सिंह, बल्लीमारानबाट इमरान हुसैन, तुगलकाबादबाट सही राम शामिल छन्। पराजित हुने प्रमुख नेताहरूमा आम आदमी पार्टीका पूर्व मुख्यमंत्री अरविंद केजरीवाल, मनीष सिसोदिया, सत्येन्द्र जैन, सोमनाथ भारती, सौरभ भारद्वाज र दुर्गेश पाठक शामिल छन्। कांग्रेसका संदीप दीक्षित, भाजपाका रमेश बिधूडी र राज कुमार आनंद पनि चुनाव हारेको छन्। उत्तर प्रदेशमा मिल्कीपुर विधानसभा उपचुनावमा भाजपाका चन्द्रभानु पासवान 61 हजार भन्दा अधिक मतले जीत हासिल गरेका छन्। तमिलनाडुमा इरोड़-पूर्व विधानसभा सीटको उपचुनावमा डी.एम.के. पार्टीका चंदीर कुमार वी.सी. 80 हजार भन्दा अधिक मतले अघि चली रहेका छन्।

****** ० ******

**दिल्ली चुनाव- बंगाल प्रतिक्रिया**

दिल्ली विधानसभा चुनावको परिणाम पछि पश्चिम बंगालमा पनि राजनीतिक वातावरणमा हलचल भएको छ। विपक्षका नेता शुभेन्दु अधिकारी आज भन्नुभयो, यदि २७ वर्ष पछि दिल्लीमा सत्ता परिवर्तन हुन सक्छ भने बंगालमा पनि तृणमूल सरकारलाई हटाउन सम्भव छ अनि सबै विपक्षी दलहरूलाई एकजुट भएर तृणमूललाई हराउन पर्नेछ। दिल्ली चुनावको परिणाम पछि उत्हासित भाजपा अब बंगालमा पनि तृणमूल सरकारलाई घेर्ने रणनीति बनाइरहेको छ। पार्टी नेताहरूलाई विश्वास छ, जस्तो प्रकारले दिल्लीमा सत्ता परिवर्तन भएको छ त्यस्तै प्रकारले बंगालमा पनि वर्ष २०२६ मा परिवर्तन हुने सम्भव छ।

****** ० ******

**मिरिक- महा जुलुस**

पाच डेसिमल पर्जा पट्टा, चिया श्रमिकहरुको विभिन्न समस्याहरु र हालैमा मुख्यमन्त्री ममता ब्यनार्जीले ३० प्रतिशत चियाबारीलाई टी टुरिज्मको लागि प्रयोग गर्न दिने घोषणको विरोधमा ईण्डियन गोर्खा जनशक्ति फ्रण्टले आज मिरिकमा विरोध जुलुस आयोजना गरेको छ। पहाडमा नयाँ राजनैतिक पार्टीको रुपमा आएको ईण्डियन गोर्खा जनशक्ति फ्रण्टले आफ्नो पूर्व घोषित कार्यक्रम अन्तर्गत आज मिरिकमा शक्ति प्रदर्शन गरेको छ। विरोध जुलुसमा ईण्डियन गोर्खा जनशक्ति फ्रण्टको संयोजक अजय एडवाडर्सए अन्य केन्द्रीय नेतृत्वहरुमा महेन्द्र छेत्रीए एनबी खवासए प्रकाश गुरुङ लगायतका केन्द्रीय नेतृत्वहरु अनि डुवर्सबाट आदिवासी नेता राजेस लाक्रा पनि उपस्थित रहेका थिए। विरोध जुलुसले मिरिक बजार परिक्रमा गरेको थियो। जुलुस अवधि पत्रकारहरुसित कुराकानी गर्दै ईण्डियन गोर्खा जनशक्ति फ्रण्टको संयोजक अजय एडवाडर्सले जनता शोषित छ र जनताको लागि आफुहरु अघि आएको बताउनु भएको छ। उहाले माटोको अधिकार जमीनको अधिकार, चियाबारी श्रमिकहरुको विभिन्न समस्याहरु विषयमा र चियाबारी श्रमिकहरुको निम्नत्तम रोजगार अधिनियमको लागि यो महाजुलुस आयोजना गरिएको बताउनु भएको छ। श्री एड्वार्डले मिरिकबाट नै सुवास घिसिंगको नेतृत्वमा गोर्खा जातिले उन्मुक्ति पाउनु पर्ने आव्हान गर्नु हुदै जनआन्दोलनको सङ्खघोष गरेको र आफुहरुले पनि बगानवासीले सम्पूर्ण जमिनको पर्जा पट्टा पाउनु पर्ने माग गर्दै आन्दोलन शुरु गरेको बताउनु भएको छ।

****** ० ******

**अनित थापा**

गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनका मुख्य कार्यपाल अनित थापाले चिया श्रमिकहरु फ्री होल्ड ल्यान्डको पक्षमा नरहेको विषयमा राज्यकी मुख्यमन्त्री ममता व्यनार्जीसंग कुराकानी गरेको बताउनु भएको छ। उहाले मुख्यमंत्रीसंगको वार्तालापमा दार्जीलिंग पहाडको चियाबारीमा ३० प्रतिशत जमिन उद्योकपतिहरुलाई दिने कुरोमा जनता खुशी नरहेको साथै पहाडको विशेषता नै हरियाली रहेको जनाएको बताउनु भएको छ। दार्जीलिंग चिया हाम्रो परिचय रहेको कुरा पनि आफुले मुख्यमन्त्रीलाई जनाएको बताउनु भएको छ। यसरी नै मुख्यमन्त्रीले पनि फ्री होल्ड ल्यान्डको नोटीफिकेशन जारी नगर्ने आश्वासन दिनु भएको पनि श्री थापाले बताउनु भएको छ।

****** ० ******

**गोर्खा सेवा सेना**

वेस्ट बेंगल स्टेट एक्युसिसन एमेंडमेन्ट एक्र १९५३ को धारा 3(1) अनि 6(1) को आधारमा बंगालको अन्य भूभागहरू जस्तो दार्जीलिङ जिल्लाको भूभागहरू (खासमहल, चियाकमान अनि वन-जंगल) राज्य सरकार अधिनमा नरहेको गोर्खा सेवा सेनाका संयोजक सुबास सिंहले बताउनु भएको छ। उहाले एक प्रेस विज्ञप्ति जारी गर्नु हुदै दार्जीलिङको भूभाग भारत अनि सिक्किमका राजा छोग्यालमाझ भएको सम्झैताको आधारमा भारत सरकारले दार्जीलिङको भूभाग पश्चिम बंगाल राज्यको सिमानामा परेकोले भारतले संविधानको धारा २४६, ३७२ अनि ३ को आधारमा यस क्षेत्रमा Administrative, Judiciary अनि Revenue कार्यान्वियन गर्न Absorbed Areas (Laws) Act १९५४ अन्तर्गत बंगालमा अस्थायी रूपमा राखिएको हुनाले राज्यको अन्य जिल्लाको जमीनहरू जस्तो दार्जिलिङको प्राय: सबै जमीन अनि चियाबारी पश्चिम बंगाल सरकारको अधिनमा नरहेको बताउनु भएको छ।

****** ० ******

**तारा सुन्दास**

माकपा नेता तारा सुन्दासले आज एक प्रेस विज्ञप्ति गर्नु हुदै टिस्टामा बाढ आएको कारण बाढ पीडित परिवारहरू विचलित बनेको यतिका समय बितिसक्दा पनि बाढ प्रभावित परिवारहरूप्रति सम्बन्धित विभागले उचित कदम नउठाएको बताउनु भएको छ यसका साथै उहाले बाढ पीडितहरुलाई यथाशिघ्र पुन:र्वास र रोजगारको अवसर प्रदान गरिनु पर्ने माग गर्नु भएको छ।

****** ० ******

**खस – कालेबुंग**

भारतीय खस हितकारी सम्मेलन कालेबुङ आञ्चलिक समितिले सामसङ तामाङ्गको बयानको बिरोध जनाउदै कालेबुंग थानामा प्रथामिकी दर्ता गरेको छ। कालेबुङ आञ्चलिक समितिले श्यामसन तामाङले केही दिन अघि दिएको बयानको विरोध गर्दै पत्रकार सम्मेलनको आयोजन गरि उनले दिएको बयानको कडा रूपले खण्डन गरेको छ। पत्रकारहरुसंग कुराकानी गर्नु हुदै सम्मेलनका केन्द्रीय महासचिव बलभद्र शर्माले श्यामसन तामाङलाई प्रशासनले चाडो भन्दा चाडो पक्राउ गरी कानुनी कार्वाही गर्न माग गर्नु भएको छ। यसरी नै यूवा संयोजक निर गिरीले प्रशासनले सही रूपमा कारवाही गर्नु पर्ने माग गर्नु भएको छ ।

****** ० ******

**भागोप्रमो – तीनधारे**

भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चा तीनधारे महानदी समष्टिको शाखा पर्सौं अभियान अन्तर्गत सिविटार चियाबारीको बुथलाई लिएर आज सांगठनिक सभा सम्पन्न भएको छ। कल्याण तामाङको अध्यक्षतामा सम्पन्न भएको सभामा भागोप्रमो तीनधारे महानदी समष्टिको सभापति राजीव थापा समष्टिका सांगठनिक सचिव सीबी राई हिल तराई डुवर्स प्लान्टेशन वर्कर्स युनियन तीनधारे महानदी समष्टिको संयोजक राजेस थापा युवा शक्तिको समष्टि सभापति केवल राई र पञ्चायत समिति सदस्य कुसाङ लामाले आदिले वक्तव्य राखेका थिए। वक्ताहरुले भागोप्रमो पार्टीको सांगठनिक गतिविधि र भावी कार्यक्रमहरु विषयमा चर्चा परिचर्चा गरेका थिए।

****** ० ******

**पटेका फयाक्ट्री विष्फोट**

पश्चिम बंगालको नदिया जिल्लाको कल्याणीमा हिज एउटा अवैध पटेका फयाक्ट्रीमा भएको विष्फोट पछि राज्य सरकारको दुइ वर्ष पुरानो ग्रीन पटेका क्लस्टर योजनामाथि प्रश्न उठेको छ। यस घटनामा अहिलेसम्म चार व्यक्तिहरूको मृत्यु भइसकेको छ। उल्लेखनीय छ, मई २०२३ मा पूर्व मेदिनीपुर जिल्लाको एगरामा यस्तै प्रकारको एक अवैध पटेका कारखानामा विष्फोट भएको थियो जसमा नौजना व्यक्तिहरूको मृत्यु भएको थियो। त्यस पछि राज्य सरकारले ग्रीन पटेका क्लस्टर बनाउने घोषणा गरेको थियो। जस अन्तर्गत राज्यमा केवल पर्यावरण अनुकूल पटेकाको निर्माण हुन सकोस्। यद्यपि दुइ वर्ष पछि कल्याणी विष्फोटले सरकारको यस घोषणामाथि प्रश्न खड़ा गरेको छ। विधानसभामा प्रतिपक्षका नेता शुभेन्दु अधिकारीले यस योजनालाई सरकारको ध्यान भटकाउने कदम बताउनु भयो।

ग्रीन टेक्नोलोजी अनि पर्यावरणसित सम्बन्धित विशेषज्ञ सोमेन्द्र मोहन घोषले भन्नुभयो, जुन फयाक्ट्रीमा यो घटना घटयो त्यो सरकारद्वारा घोषित ग्रीन पटेका क्लस्टरको भाग थिएन अनि यो घटनाले सरकारको विफलतालाई उजागर गर्दछ।

****** ० ******

**नेपाल विद्युत**

नेपाल विद्युत प्राधिकरण, एन.ई.ए, नेपालमा फ्रान्सका दूतावास अनि ब्ले वाटर इन्टेलिजेन्सले हाइड्रो-नेपाल परियोजना शुरू गर्नको निम्ति एउटा सम्झौता ज्ञापनमा हस्ताक्षर गरयो। एन.ई.ए-का प्रबन्ध निदेशक कुल मान घिसिंग अनि बी.डब्ल्यू.आई-का सी.ई.ओ जेरेमी फेनने फ्रान्सिसी राजदूत वर्जिनी कोर्टेवलको उपस्थितिमा सम्झौता ज्ञापनमा हस्ताक्षर गरे। नदीहरूको डिजिटलीकरणको यस पहलले नेपालको विशाल जलविद्युत संशाधनहरूमाथि अनुकूल अनि हाइड्रोलोजिकल खतराहरूको निम्ति तयारीहरूलाई समर्थन गर्ने आशा व्यक्त गरिएको छ। यस परियोजनाबाट डेटालाई डिजिटाइज गर्न अनि नदीको निवर्हनलाई पूर्वानुमान, प्रवाह अवधि घटने अनि प्रवाह आवृत्ति विश्लेषण सहित उन्नत हाईड्रोलजिकल अन्तरदृष्टि प्रदान एवं कम्ती कार्बन ऊर्जा विकासको निम्ति नेपालको दीर्घकालिक दृष्टिलाई समर्थन गर्ने आशा छ।

****** ० ******